# कति लोकतान्त्रिक छन् संरक्षित क्षेत्रवरपरका सामुदायिक वन ?

■ कमल भण्डारी* र ठाकुर पाण्डे**

## पृष्ठभूमि

विश्व बैंकबाट हालै प्रकाशित अध्ययन प्रतिवेदनअनुसार (World Bank 2010) विश्वमा कुल क्षेत्रफलको १३.९ प्रतिशत भूभाग संरक्षित क्षेत्र रहेको छ। यसैगरी नेपालमा २३.२३ प्रतिशत भूभाग संरक्षित क्षेत्रको रूपमा व्यवस्थापन गरिँदै आएको छ (DNPWC 2011)। जसमा १० राष्ट्रिय निकुञ्ज, ६ संरक्षित क्षेत्र, ३ वन्यजन्तु आरक्ष र एक सिकार आरक्ष रहेका छन्। २०२९ सालमा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन बनेपछि नेपालमा संरक्षित क्षेत्रको घोषणा गर्ने कामको सुरुवात भएको पाइन्छ। यस्ता क्षेत्र घोषणा गर्दा बनाइएका ऐनकानुन वन्यजन्तुका साथै जंगल जोगाउन केन्द्रित भएको देखिन्छ। संरक्षित क्षेत्र घोषणा गर्दा सरकारले आवश्यक ठानेमा कुनै क्षेत्रलाई त्यसको चारकिल्लासमेत खोलिएको सूचना नेपाल राजपत्रमा प्रकाशित गरी राष्ट्रिय निकुञ्ज, आरक्ष वा संरक्षण क्षेत्र घोषणा गर्न सक्ने कुरा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन २०२९ मा उल्लेख छ।

देशमा लोकतन्त्र आउनुपहिले संरक्षित क्षेत्रहरूको नाम अगाडि 'शाही' राखिन्थ्यो र सबै निकुञ्ज तथा आरक्ष क्षेत्रहरूमा राजामहाराजहरूको बोलावाला हुन्थ्यो। परम्परादेखिको स्थानीय समुदाय र वनजंगलको अन्योन्याश्रित सम्बन्धलाई छुटाएर निकुञ्जको वरपर बस्ने समुदाय विशेष गरी आदिवासी, गरिब र विपन्नहरूको जीविकोपार्जनलाई वन स्रोत मास्ने मुख्य कारक बनाउँदै संरक्षित क्षेत्र बनाउने क्रम अघि बढ्दै गएको पाइन्छ। लोकतन्त्र आएपछि पनि यस्ता क्षेत्रको घोषणा गर्न जनताद्वारा निर्वाचित सरकारले कुनै कसर बाँकी राखेको छैन। निकुञ्ज/आरक्षवरपरका जनताको हविगत कस्तो थियो र छ भन्नेबारेमा जनप्रतिनिधिहरूलाई थाहा नभएको पनि होइन। स्थानीय समुदायको रायसल्लाह नलिई एकलौटी ढंगबाट संरक्षित क्षेत्र घोषणा गर्नुको पछाडिको कारण के हो त ? जोकोहीको मनमा प्रश्न उठ्न सक्छ।

स्थानीय समुदायको निकुञ्ज/आरक्षप्रतिको निर्भरतालाई घटाउँदै उनीहरूलाई आवश्यक पर्ने खरखडाई, दाउरा, घाँस, काठ, पातलगायतका वन स्रोतहरूको आपूर्तिका लागि त्यसवरपरको मध्यवर्ती क्षेत्रमा व्यवस्था गर्ने र वन्यजन्तुका लागि चलखेल गर्ने क्षेत्रसहित बढाउने उद्देश्यले यी क्षेत्रहरूमा सामुदायिक वनको व्यवस्था गरिएको छ। संरक्षित क्षेत्रका नीतिनियमहरू नै अलोकतान्त्रिक छन् भन्ने बहस चलिरहेका अवस्थामा मध्यवर्ती क्षेत्रका नीतिनियम कति लोकतान्त्रिक छन् भन्ने बारेमा प्रश्न उठिरहेको छ। मध्यवर्ती क्षेत्रका स्थानीय बासिन्दाको नजरमा यहाँका सामुदायिक वनहरू कति अधिकारमुखी र लोकतान्त्रिक छन् भन्नेबारे यो लेखमा विश्लेषण गर्न खोजिएको छ। यसैगरी मध्यवर्ती क्षेत्र सुरु भएपछि समुदायलाई भएका फाइदा-बेफाइदा दुवैका बारेमा स्थानीय समुदाय विशेष गरी महिला, दलित, आदिवासीभित्रका गरिब, विपन्न र सीमान्तकृतहरूको बुझाइ के रहेको भन्ने प्रश्नको सेरोफेरोमा रहेर मध्यवर्तीसँग सम्बन्धित नीतिनियमको विश्लेषण तथा यस क्षेत्रका समुदायसँग गरिएको संवाद र प्रत्यक्ष अवलोकनको आधारमा यो लेख तयार पारिएको छ। यसमा मध्यवर्ती क्षेत्रको अवधारणा, यस क्षेत्रका सामुदायिक वनहरूको वर्तमान अवस्था, सामुदायिक वन उपभोक्ता समूहको लोकतान्त्रिक पद्धति, र यससँग सम्बन्धित सवालहरूसहित अगामी निकास के हुन सक्छ भन्ने कुरासमेतलाई समेट्ने प्रयास गरिएको छ।

## मध्यवर्ती क्षेत्र र यसको अवधारणा

निकुञ्ज/आरक्षआसपासका समुदायसँगको सम्बन्ध चिसिने र द्वन्द्व बढ्न सक्ने तथा बिस्तारै यस्ता क्षेत्रप्रतिको नकारात्मक बुझाइ बढ्दै जाने खतरालाई आकलन गर्दै २०५२ सालमा मध्यवर्ती नियमावली बनेको छ। यो नियमावलीपश्चात् नेपालमा १२ वटा मध्यवर्ती क्षेत्रहरू (शुक्लाफाँटा, बर्दिया, बाँके, चितवन, पर्सा, कोसीटप्पु, लाङटाङ, सगरमाथा, मकालु वरुण, सेफोक्सुन्डो, रारा, र खप्तड) घोषणा भएका छन्। यी क्षेत्रमा समुदायका लागि राज्यले केही व्यवस्था गरेको पाइन्छ, जसमा राष्ट्रिय निकुञ्ज/आरक्षमा प्राप्त आम्दानीको ३० देखि ५० प्रतिशत रकम मध्यवर्ती परिषद्मार्फत समुदायको विकासका लागि खर्च गर्ने प्रावधान रहेको छ। वन्यजन्तुबाट हुने क्षेतीको राहत सहयोग सम्बन्धी निर्देशिका २०६६ बनाई केही सहयोग गर्ने व्यवस्था गरिएको छ। यसले उनीहरूको पीडामा मलमपट्टीसम्म लगाउनेजस्ता कार्यक्रममार्फत केही सहयोग भइरहेको स्थानीय समुदायको बुझाइ रहेको छ।

साधारणतया निकुञ्ज वा आरक्षबाट वरपरको प्रभावित क्षेत्रलाई मध्यवर्ती क्षेत्र भनिन्छ। निकुञ्जका जनावरहरूले प्रत्यक्ष रूपमा समुदायमा प्रभाव पार्ने ठाउँ, आफ्नो दैनिक उपभोग्य वस्तु संकलन गर्नका निम्ति समुदाय निकुञ्ज वा आरक्षमा आंशिक वा पूर्णरूपमा निर्भर रहनुपर्ने क्षेत्र नै मध्यवर्ती क्षेत्र हो। मध्यवर्ती क्षेत्र व्यवस्थापन निर्देशिका २०५६ ले परिभाषा गरेअनुसार मध्यवर्ती भन्नाले :

- निकुञ्ज वा आरक्षको वनपैदावार उपभोगको प्रतिबन्धबाट प्रत्यक्ष रूपमा प्रभावित हुन पुगेको क्षेत्र
- निकुञ्ज वा आरक्षमा चरिचरन गराउन प्रतिबन्धबाट प्रत्यक्ष रूपमा प्रभावित क्षेत्र
- निकुञ्ज वा आरक्षका वन्यजन्तुबाट नियमित वा आंशिक रूपमा हुने खेतीबालीको हानीनोक्सानीबाट प्रत्यक्ष रूपमा प्रभावित क्षेत्र।

मध्यवर्ती क्षेत्रको सामुदायिक विकास र संरक्षणका कार्यक्रमहरू सुचारु र प्रभावकारी रूपमा जनसहभागिताबाट सञ्चालन गर्न, वनपैदावारका लागि निकुञ्जप्रतिको निर्भरता हटाई आत्मनिर्भर बन्न र संरक्षणमूलक कार्यक्रमहरू सञ्चालन गरी निकुञ्ज र जनताको सुमधुर सम्बन्ध कायम गरी आपसी सहयोग अभिवृद्धि गर्ने उद्देश्यले मध्यवर्ती क्षेत्रको अवधारणा आएको पाइन्छ। यसैगरी निकुञ्जको वरपर मानिसहरूको बसोबास बढ्दै जाँदा यसको चाप बिस्तारै निकुञ्जमा पर्ने, निकुञ्ज/आरक्षका वन्यजन्तुहरू वरपरको बस्तीमा गएर क्षति पुऱ्याउँदै जाँदा दुई पक्षबीचमा द्वन्द्व बढ्ने तथा निकुञ्जको संरक्षणमा थप जटिलता आउन सक्ने सम्भावनालाई न्यूनीकरण गर्दै निकुञ्जप्रति आश्रित समुदायलाई आत्मनिर्भर बनाउँदै जाने उद्देश्यले यसको विकास भएको पाइन्छ।

मध्यवर्ती क्षेत्रको घोषणा गरे वा नगरे पनि निकुञ्जबाट आउने जनावरको चापलाई रोक्न सकिने कुरा भएन। यसैगरी अन्य सामुदायिक वनहरूको तुलनामा मध्यवर्ती क्षेत्रका सामुदायिक वनहरूको संरक्षणसँगै वन्यजन्तुको वृद्धि पनि स्वाभाविक रूपमा बढ्ने नै भयो तर मध्यवर्ती क्षेत्र लागू गर्नुपूर्व स्थानीय समुदायसँग रायसल्लाह लिइएको थियो ? यसैगरी निकुञ्जमा आश्रित समुदाय जसको जीविकाको मूल थलो नै निकुञ्जआसपासका वन, खोल्सा, घोल, सिमसार क्षेत्रहरू थिए जहाँबाट उनीहरू दैनिक जसो साग, सिस्नो, कन्दमूल, तरकारी, माछा, घुंगी, दाउरा, घाँसलगायत संकलन गरी जीवन निर्वाह गर्दै आएका थिए। मध्यवर्ती क्षेत्रको अवधारणालाई कार्यान्वयन गर्नुपूर्व त्यस्ता आश्रित समुदाय विशेष गरी गरिब, विपन्न, दलित, आदिवासीसँग कति छलफल गरिएको थियो भन्ने प्रमुख सवाल हो। जसको सवाल उसको नेतृत्व हुनुपर्ने लोकतन्त्रको मूल मर्मलाई बेवास्था गरिएकाले पनि अहिले मध्यवर्ती क्षेत्र व्यवस्थापन कार्यक्रमबाट आशातीत उपलब्धि पाउन नसकेको हो भन्ने धेरैको ठहर छ।

यद्यपि मध्यवर्ती क्षेत्रमा भएका वनको संरक्षण गर्दा समुदायलाई दैनिक रूपमा आवश्यक पर्ने वनपैदावारको आपूर्तिमा सहजता भएको पाइन्छ तर माथि उल्लेख गरिएका समुदायहरू भने अझै पनि आफूले चाहेअनुसारको प्रतिफल लिन नपाएको गुनासो पेख्छन्। नेपालमा मध्यवर्ती

क्षेत्रभन्दा बाहिरका सामुदायिक उपभोक्ता समूहहरूको तुलनामा यो क्षेत्रका समुदायले भने वन्यजन्तुले दिने थप पीडालाई बेहोर्नुपर्ने बाध्यता छ । त्यसकारण निकुञ्जबाट समुदायले पाउने सहयोगलाई दयामाया र सहानुभूतिका रूपमा वितरण गरिएको दान वा राहतको रूपमा नबुझी उनीहरूले पाउने नैसर्गिक अधिकारका रूपमा लिनुपर्ने देखिन्छ ।

## नेपालमा मध्यवर्ती क्षेत्र र सामुदायिक वनको अवस्था

नेपालमा भएका निकुञ्ज, वन्यजन्तु आरक्ष, सिकार आरक्षसहित २० वटामध्ये १२ वटावरपरको प्रभावित ठाउँमा मध्यवर्ती क्षेत्र घोषणा गरिएको छ, जसमा २७ जिल्ला, ८३ वटा गाविसमा गरी करिब ७ लाख जनसंख्या, २०६ उपभोक्ता समिति, १२ मध्यवर्ती व्यवस्थापन समिति र ४०,९३१ उपभोक्ता समूहहरू रहेका छन (DNPWC 2011) । यसैगरी यी क्षेत्रहरूमा हालसम्म ४८४ वटा मध्यवर्ती सामुदायिक वन व्यवस्थापन समितिलाई हस्तान्तरण गरिएको छ । जसमा १,०७,५५७.६६१ हेक्टर वन क्षेत्र रहको छ भने ८५,७४८ घरधुरीका ५,३६,०९० जना मानिसले वनको संरक्षण तथा व्यवस्थापन गरिरहेका छन् । कुन क्षेत्रमा कतिवटा मध्यवर्ती सामुदायिक वन हस्तान्तरण भएका छन् भन्ने कुरा तालिका न. १ बाट प्रस्ट हुन्छ ।

**तालिका १: हालसम्म हस्तान्तरण भएका मध्यवर्ती सामुदायिक वनहरूको विवरण**

| सि.न. | नाम | संख्या | क्षेत्रफल हे. | घरधुरी संख्या |
|---|---|---|---|---|
| १ | चितवन राष्ट्रिय निकुञ्ज | ४७ | ८३१९.८७ | २४,३८३ |
| २ | बर्दिया राष्ट्रिय निकुञ्ज | ५९ | ११४७४.२ | १३०७९ |
| ३ | मकालु वरुण राष्ट्रिय निकुञ्ज | ८३ | ३५००० | ३२०० |
| ४ | सगरमाथा राष्ट्रिय निकुञ्ज | ९ | २१२५७.६ | २३१ |
| ५ | सेफोक्सुन्डो राष्ट्रिय निकुञ्ज | २४ | ५४१३.०९ | १८४२ |
| ६ | खप्तड राष्ट्रिय निकुञ्ज | ३० | ४००४.७४ | ६२१० |
| ७ | रारा राष्ट्रिय निकुञ्ज | ४१ | ६३७.६७ | १९८७ |
| ८ | लाङटाङ राष्ट्रिय निकुञ्ज | ४९ | १८३५.६४ | ५४१९ |
| ९ | बाँके राष्ट्रिय निकुञ्ज | ५१ | ७५८०.६३ | ९८४८ |
| १० | कोसीटप्पु वन्यजन्तु आरक्ष | २० | २२६.१९ | २४९१ |
| ११ | पर्सा वन्यजन्तु आरक्ष | ३६ | १००९३.५४१ | ११७३४ |
| १२ | शुक्लाफाँटा वन्यजन्तु आरक्ष | ३५ | १७१४.५ | ५३२४ |
| | **जम्मा** | **४८४** | **१०७,५५७.६६१** | **८५,७४८** |

***स्रोत : DNPWC 2011***

नेपालमा भएका जम्मा १० वटा राष्ट्रिय निकुञ्जमध्ये शिवपुरी नागार्जुनबाहेक अन्य ९ वटा निकुञ्ज र ३ वटै वन्यजन्तु आरक्षवरपरको ठाउँलाई मध्यवर्ती क्षेत्र घोषणा गरिएको छ । मध्यवर्ती क्षेत्रभित्र हालसम्म ४८४ वटा सामुदायिक वन हस्तान्तरण गरिएका छन् र अरू कयौं सामुदायिक वन हस्तान्तरणको प्रक्रियामा रहेका छन् । यी सामुदायिक वनहरूमध्ये प्राकृतिक र वृक्षरोपण गरी दुई किसिमका रहेका छन् । प्राकृतिक वनहरूमा जैविक विविधताको दृष्टिकोणले धनी रहेका र राष्ट्रिय निकुञ्ज तथा आरक्ष क्षेत्रबाट आएका वन्यजन्तुको बढ्दो वसोवासका कारण पर्यटक र अध्ययन-अनुसन्धानकर्ताको आकर्षणको केन्द्रविन्दु हुँदै गएको छ । यी सामुदायिक वनबाट स्थानीय समुदायको दैनिक आवश्यक वनपैदावार, जस्तै : दाउरा, घाँस, काठ, जडीबुटी आदिका लागि सहयोग भएको छ भने आन्तरिक तथा बाह्य पर्यटकहरूको आकर्षण पनि बढिरहेको छ । कतिपय मध्यवर्ती सामुदायिक वनहरू त निकुञ्ज/आरक्षभन्दा बढी आकर्षणका क्षेत्र हुन थालेका देखिन्छन् यसको ज्वलन्त उदाहरणका रूपमा चितवन मध्यवर्ती क्षेत्रमा पर्ने बाघमारा र कुमरोज सामुदायिक वनलाई लिन सकिन्छ । यी सामुदायिक वनहरूले मध्यवर्ती क्षेत्रमा निकुञ्जबाट आउने ५० प्रतिशत रकमभन्दा बढी आम्दानी गरेका छन् । सामुदायिक वनको प्राप्त आम्दानीबाट दिगो वन व्यवस्थापन, सामुदायिक विकास र गरिबी न्यूनीकरणजस्ता कार्यक्रमहरू सञ्चालन गरेको पाइन्छ । पारिस्थितिकीय प्रणालीको संरक्षणका हिसावले दैनिक रूपमा पर्यटकहरूलाई हात्तीमा राखेर घुमाउनु कति राम्रो कुरा हो ? तथापि यी समूह आर्थिक रूपमा भने सम्पन्न देखिन्छन् । मध्यवर्ती क्षेत्रका सबै सामुदायिक वनहरू यसरी फाइदा लिने अवस्थाका मात्र छैनन् । वृक्षरोपण गरिएका र नदीकिनारमा रहेका सामुदायिक वनहरूको अवस्था भने ज्यादै नाजुक रहेको छ जसको बैंकमा खाता खोल्न सक्ने अवस्थासम्म छैन । यस्ता सामुदायिक वनका उपभोक्ताहरूलाई भने दैनिकरूपमा प्रयोग हुने वनपैदावार आपूर्तिमा सधैं संकट भएको पाइन्छ । मध्यवर्ती क्षेत्र घोषणापश्चात् निकुञ्ज खुल्ने क्रम पातलिंदै जाँदा यी सामुदायिक वनका उपभोक्ताहरूलाई वनपैदावारको दैनिक गर्जो टार्न समेत कठिन भएको छ ।

## मध्यवर्ती सामुदायिक वन र यसभित्रको लोकतन्त्र

वन विकासको क्षेत्रमा नेपालको सामुदायिक वनले विश्वमा नै चर्चा पाउन सफल भएको छ । यसो हुनुमा सामुदायिक वनका उपभोक्ता समूहहरूले वनको दिगो संरक्षणसँगै जीविकोपार्जन र लोकतन्त्रको अभ्यास गरेकाले हो भन्ने विभिन्न अध्ययनले देखाएका छन् । यद्यपि मध्यवर्ती सामुदायिक वनहरूमा भने प्रायः यस्तो देखिन्न । यी क्षेत्रका सामुदायिक वनहरूमा लोकतान्त्रिक विधिबाट काम गर्न नपाएको कुरा सुनसरी जिल्ला मधुवनका देवी चौलागाईंले बताए । उनका अनुसार मध्यवर्ती सामुदायिक वनको विधान कार्ययोजना (कोसीटप्पु वन्यजन्तु) आरक्षका संरक्षित अधिकृतले समूहको रायसल्लाहबिना नै बनाइदिए । चौलागाईं भन्नुहुन्छ– निकुञ्जमा वार्डेन फेरिएपिच्छे मध्यवर्तीका नियमहरू पनि बदलिन्छन् जसले गर्दा सामुदायिक वन सञ्चालन गर्न नै अप्ठ्यारो परेको छ । वास्तवमा सामुदायिक वन सञ्चालनको मूल जरो समूहको विधान र कार्ययोजना हो । यसमा जे लेखिएको हुन्छ त्यसै अनुसार समूह परिचालन र वन व्यवस्थापनका कामहरू गर्नुपर्छ । समूहले नै विधान तथा कार्ययोजनामा आफ्ना विचारहरू राख्न नपाएपछि वार्डेनकै नियममा हिंड्न बाध्य हुनुपरेको कुरा चौलागाईंको छ । सामुदायिक वनका उपभोक्ता समूहहरूले सामुदायिक वनको व्यवस्थापन गर्न कानुनी रूपमा अधिकार पाएका छैनन् । मध्यवर्ती क्षेत्र व्यवस्थापन नियमावली २०५२ को नियम २१ मा मध्यवर्ती सामुदायिक वनको रूपमा व्यवस्थापन समितिलाई सुम्पन सकिने कुरा उल्लेख छ जहाँ उपभोक्ता समूहको कुरा नै लेखिएको छैन । संरक्षण अधिकृत, मध्यवर्ती व्यवस्थापन समिति र उपभोक्ताहरूको त्रिपक्षीय सम्झौताबाट वन हस्तान्तरण गर्ने प्रावधान रहेको छ । उपभोक्ताहरूले सामुदायिक वनको कुनै पनि पैदावार संकलन गर्दा मध्यवर्ती व्यवस्थापन समितिमार्फत वार्डेन (संरक्षण अधिकृत) को स्वीकृति लिनुपर्ने हुन्छ । समूहलाई वन व्यवस्थापन गरी पैदावार संकलन, बिक्रीवितरण गर्नेभन्दा पनि संरक्षणमा लाग्न बढी उत्प्रेरित गरिएको पाइन्छ । जसले गर्दा मध्यवर्ती सामुदायिक वन भनेको वन्यजन्तुको संरक्षण गर्ने थलोजस्तो भएको छ ।

वन्यजन्तुहरूले क्षति गरेको तथ्यांक हेर्दा सबैभन्दा बढी संख्यामा मानिस मारेको वा अंगभंग बनाएको पनि मध्यवर्ती सामुदायिक वनमा नै पाइएको एक अध्ययनले देखाएको छ ।

मध्यवर्ती क्षेत्रका सामुदायिक वन भनेको निकुञ्जका वन्यजन्तुहरूको वासस्थान बढाउने ठाउँ हो भन्ने बुझाइ यहाँका उपभोक्ताहरूको छ । यस्ता क्षेत्रमा स्थानीय बासिन्दालाई दैनिक आवश्यक पर्ने वनपैदावारको समस्या टार्न भन्दा वनस्पति र वन्यजन्तुको वृद्धि गराउने क्षेत्रको रूपमा लिइएको पाइन्छ । यसकारण सामुदायिक वनको नाम सुन्ना साथ हामीले मध्यवर्ती क्षेत्रभन्दा बाहिर अर्थात् वन ऐन २०४९ र नियमावली २०५१ अनुसार जिल्ला वन अधिकृतले हस्तान्तरण गरेका वनलाई बुझ्ने गरेका छौं । मध्यवर्ती क्षेत्रको सामुदायिक वनलाई पनि एकै नजरबाट हेर्ने प्रयास गर्‍यौं भने त्यो कतिसम्म सत्य हुन्छ भन्ने बारेमा यी दुईको भिन्नतालाई केलाएर हेर्दा मात्र थाहा हुन सक्छ । साथै कुन कति लोकतान्त्रिक छन् भन्ने कुरा बुझ्न सजिलो हुनेछ । तलको तालिकामार्फत दुई सामुदायिक वनको भिन्नतालाई केलाउने प्रयास गरिएको छ :

**तालिका २: मध्यवर्ती क्षेत्र र बाहिरका सामुदायिक वनबीचको फरक**

| बाहिरका सामुदायिक वन | मध्यवर्ती क्षेत्रका सामुदायिक वन |
|---|---|
| • उपभोक्ता समूह एक अविछिन्न उत्तराधिकारीवाला स्वशासित तथा संगठित संस्था हुने | • सबै कुरामा मध्यवर्ती व्यवस्थापन समितिमा निर्भर हुनुपर्ने |
| • उपभोक्ताहरूको प्रत्यक्ष पहुँच हुने | • समितिमार्फत संरक्षकसमक्ष जानुपर्ने |
| • जिल्ला वन अधिकृतले उपभोक्ता समूहलाई वन हस्तान्तरण गर्ने | • संरक्षकले समितिलाई हस्तान्तरण गर्ने |
| • समूहका गुनासा सुन्ने सामुदायिक वन उपभोक्ता महासंघ भएको | • समूहहरूको सञ्जाल तथा महासंघ नभएको |
| • स्रोतको न्यायोचित वितरण गर्ने प्रावधान | • समितिको निर्णय मान्नुपर्ने |
| • दुईपक्षीय सम्झौताबाट वन दर्ता तथा हस्तान्तरण | • त्रिपक्षीय सम्झौताबाट वन दर्ता तथा हस्तान्तरण हुने |
| • वन्यजन्तुबाट क्षति हुँदा सहयोग नपाउने | • वन्यजन्तुबाट हुने क्षतिको राहत सहयोग निर्देशिका २०६६ अनुसार सहयोग पाउने प्रवधान |
| • सामुदायिक वनको आम्दानीको ३५ प्रतिशत रकम समूहका गरिब, विपन्न तथा महिलाका लागि खर्च गर्नुपर्ने प्रावधान | • त्यस्तो केही व्यवस्था नभएको |
| • महिलाहरूको सहभागिता विशेषरूपमा उल्लेख गरिएको, जस्तै : कार्य समितिको अध्यक्ष वा सचिवमध्ये एक, समितिमा ५० प्रतिशत, समूहको खाता सञ्चालनमा, घरमुलीको रूपमा विधानमा लेखिनुपर्ने | • केही पनि उल्लेख नगरिएको |
| • आधिकारिक निकाय जिल्ला वन कार्यालय | • प्रमुख संरक्षक अधिकृत |
| • व्यवस्थापनमुखी सामुदायिक वन | • संरक्षणमुखी |
| • वन ऐन २०४९ र नियमावली २०५१ अनुसार हस्तान्तरण हुने | • मध्यवर्ती नियमावली २०५२ र मध्यवर्ती व्यवस्थापन निर्देशिका २०५६ अनुसार हस्तान्तरण हुने |

मध्यवर्ती सामुदायिक वनहरू निकुञ्ज तथा आरक्षका एक अभिन्न अंग हुन् किनभने यहाँका सबै कामकाज निकुञ्ज प्रशासनबाट हुने गर्छन् तथा मध्यवर्ती क्षेत्रको अन्तिम निर्णय पनि प्रमुख संरक्षकबाट हुने गर्छ। उपभोक्ता समूहभन्दा माथि मध्यवर्ती व्यवस्थापन समिति छ भने त्यसको निर्णायक तहमा संरक्षण अधिकृत रहेका छन्। मध्यवर्ती क्षेत्रमा यस्तो लोकतन्त्रको अभ्यास हुने गर्छ जसमा अध्यक्षभन्दा सचिवको अधिकार बढी हुने गरेको छ। मध्यवर्ती परिषद्को सचिव नै संरक्षण अधिकृत हुने व्यवस्था रहेको छ। आलोचकहरूको भनाइमा मध्यवर्ती क्षेत्र निकुञ्ज वा आरक्षको सानो रूप हो जहाँ जनताले छनोट गरेका प्रतिनिधिभन्दा कर्मचारीको बाहुल्य रहन्छ। मध्यवर्ती क्षेत्रका स्थानीय समुदायका घरधुरीहरू मिलेर मासिक रूपमा बचत गर्ने, नियमित रूपमा बैठकमा भाग लिने व्यक्ति समूहको सदस्य हुन पाउने प्रावधान छ र ती समूहले नै मध्यवर्ती एकाइ समिति छनोट गर्नुपर्ने हुन्छ। कानुनी रूपमा हेर्दा समूहको आधिकारिक सदस्य हुनका लागि दैनिक बचत गर्नुपर्ने भएको हुँदा यदि कुनै विपन्न व्यक्ति बचत समूहमा भाग लिन सकेन भने ऊ सदस्यबाट नै बन्चित हुन पुग्छ। अर्कोतिर व्यवस्थापन समितिले चाहेमा र आवश्यक ठानेमा उपसमिति बनाएर विभिन्न कार्यक्रम गर्न सक्ने प्रावधान रहेको छ। त्यसैअन्तर्गत रहेका छन् सामुदायिक वन, पर्यापर्यटन, बाटो, कुलो, कल्भर्ट आदि उपसमितिहरू। त्यसकारण मध्यवर्ती सामुदायिक वन उपभोक्ता समूहलाई कानुनी आधारबाट हेर्दा कुनै अधिकार भएको पाइन्न। सामुदायिक वनमा कुनै व्यवस्थापनका कामहरू गर्नुपर्दा होस् या वनपैदावार संकलन गर्दा, मध्यवर्ती व्यवस्थापन समितिको निगरानीमा तथा सिफारिसमा मात्र गर्नुपर्ने साथै व्यावहारिक रूपमा पनि यस्तै गरिएको कुरा मध्यवर्ती परिषद्का एक सदस्यले बताए। यता मध्यवर्तीभन्दा बाहिरका सामुदायिक वनमा भने निर्णायक तहमा समितिको कुनै हात हुँदैन, उपभोक्ता सदस्य नै सर्वोच्च निकाय हो। त्यसकारण मध्यवर्ती क्षेत्रका सामुदायिक वनमा लोकतन्त्रको कुनै गन्धसम्म पाइन्न।

## मध्यवर्ती सामुदायिक वनबाट फाइदा कसलाई ?

२०४० सालतिर नेपालमा हरियो वन नेपालको धन भन्ने नारा सुनिन्थ्यो। अहिले यो नारा रूपान्तरण भएर सामुदायिक वन विपन्नको धन भएको छ किनभने वन विकास गुरुयोजना २०४५ ले प्रस्टसँग उल्लेख गरेको छ- जो वनमा दाउरा, घाँस, पात, गोल, हलो, जडीबुटी लिन दैनिक रूपमा जान्छन् तथा वनमा आश्रित छन् उनैको निर्णय नै अन्तिम हुन्छ, त्यसमा अरूले हस्तक्षेप गर्न पाइन्न। यसैगरी सामुदायिक वन विकास मार्गदर्शन २०६५ ले समूहका विपन्न, महिला, दलितहरूका लागि सामुदायिक वनको आम्दानीमध्ये ३५ प्रतिशत छुट्याई उनीहरूकै निर्णयअनुसार खर्च गर्न पाउने कुराको किटान गरेको छ। सामुदायिक वनको विधानमा घरमूलीको नाम लेख्दा पहिले महिलाको लेख्ने, समितिको मुख्य पद अध्यक्ष वा सचिवमध्ये एकजना अनिवार्य महिला हुनुपर्ने, सामुदायिक वनको कार्यसमितिमा ५० प्रतिशत महिला हुनुपर्ने र बैंकमा समूहको खाता खोल्दा एकजना महिला सदस्यको हस्ताक्षर अनिवार्य हुनुपर्छ भन्ने कुराको व्यवस्था गरेको छ र यो अभ्यास सामुदायिक वनहरूमा भइरहेको पाइन्छ। सामुदायिक वनहरू कति लोकतान्त्रिक परिपाटीको अभ्यासबाट चलिरहेका छन् भन्ने कुरा यसैबाट पनि थाहा हुन्छ। अर्कोतिर मध्यवर्ती सामुदायिक वनमा भने गरिब विपन्नहरूले स्वतन्त्र रूपमा सागसिस्नो, निगुरो टिप्न जाँदा पनि मध्यवर्ती व्यवस्थापन समितिको स्वीकृति लिनुपर्ने कुरा एक बोटे महिला बताउनुहुन्छ। मध्यवर्तीका सामुदायिक वनले गरिब, विपन्न, दलितका लागि सामुदायिक वनबाट प्राप्त आम्दानीको प्रतिशत छुट्याउने कानुन नै छैन। मध्यवर्ती क्षेत्रका विपन्नहरूको बुझाइमा सामुदायिक वन नहुँदा इच्छाअनुसार चरिचरन गराउन, साग टिप्न, दाउरा संकलन गर्न, माछा मार्न, घाँस काट्न पाइन्थ्यो भने अहिले पाइन्न। निकुञ्जमा वर्षको एकपटक खरखडाइ खुल्दथ्यो, त्यतिखेर वर्ष दिनसम्म पुग्ने गरी दाउरा संकलन गरिन्थ्यो। मध्यवर्ती क्षेत्र घोषणा भएपछि बिस्तारै निकुञ्जमा खरखडाइ खुल्न छाड्यो। सामुदायिक वन पहिलेभन्दा घना भएकोले निकुञ्जका वन्यजन्तुहरू सामुदायिक वनमा आएर बस्न थाले। यसरी नजिकैको सामुदायिक वनमा वन्यजन्तुको चाप बढ्दै जाँदा बारीमा लगाएको तरकारी, अन्न बाली केही उठाउन पाइन्न, साथै कहिले बाघले चिथोर्छ, गैंडाले हान्छ, घरमा पालेका बाखापाठा स्यालले घिसार्छ भन्ने त्रासमा जीवन जिउनुपरेको गुनासो मध्यवर्ती क्षेत्रमा बस्ने विपन्नहरूको रहेको छ। मध्यवर्ती सामुदायिक वनमा कहिले दाउरा खुल्छ भन्ने कुरा विपन्नहरूलाई त्यति थाहा पनि हुँदैन। थाहा भयो भने पनि ज्याला मजदुरी गर्न जाने दिन पर्छ, कसरी दाउरा खोज्न जाने- एक महिला बताउनुहुन्छ। मध्यवर्ती कार्यक्रमअन्तर्गत कतिपय गाउँका विपन्नहरूलाई

बाख्रा पाल्न दिइएको छ तर उनीहरू सामुदायिक वनमा दैनिक घाँस काट्न जान पाउँदैनन् । समूहको नियमअनुसार कहिलेकाहीं मात्र सामुदायिक वन खोलिन्छ । गरिबको ५ धुर जग्गा छैन, सामुदायिक वनभित्र छिर्न पाइन्न अनि कसरी पाल्ने बाख्रा भन्ने गुनासो पोख्छन् नवलपरासीका होमबहादुर बोटे । समितिबाट ल्याएको बाख्रा मरिहाल्यो भने ऋण तिर्न अर्को फसाद पर्ने गरेको दुखेसो एक मुसहर महिलाको छ । माछा, तरकारी, दाउरा, कन्दमूल संकलन गरी दैनिक जीविका चलाउने बोटे, माझी, मुसहरहरू सिलाइकटाइ, झोला बनाउने तालिम, प्रौढकक्षा, बचत सञ्चालनजस्ता कार्यक्रमले मात्र गर्जो टार्न नसक्ने कुरा बताउँछन् । कतिपय यस्ता विपन्न घरधुरीहरू समूहले लगाएको महंगो सदस्यता शुल्क तिर्न नसकेर सामुदायिक वनको सदस्य हुनसम्म पनि सकेका छैनन् । जसले गर्दा सामुदायिक वनको निर्णायक तहमा पुग्न सक्ने अवस्था नै छैन । यदि आरक्षण कोटाबाट पुगिहाले पनि उनीहरूको कुरा कसले सुन्ने ?

धेरै समस्या हुँदाहुँदै पनि मध्यवर्ती सामुदायिक वन भएपछि धेरै फाइदा भएको कतिपय उपभोक्ताहरूको भनाइ छ । खरखडाइका लागि निकुञ्जमा आश्रित हुनुपर्दथ्यो, जसका लागि निकुञ्जले तोकेको निश्चित अवधिमा, सीमित मात्रामा खरखडाइ ल्याउनुपर्दथ्यो तर गाउँको नजिकमै सामुदायिक वन भएपछि आवश्यक पर्ने वनपैदावार संकलन गर्न सजिलो भएको दिव्य मध्यवर्ती सामुदायिक वन नवलपरासीका अध्यक्ष बताउनुहुन्छ । एक वर्षमा १५९७ भारी दाउरा, ७२०० भारी घाँस दिव्य मध्यवर्ती सामुदायिक वनबाट आपूर्ति हुने गरेको छ । यसैले सबै उपभोक्ताहरूको दैनिक आवश्यकता पूरा गर्नुपरेको छ । सामुदायिक वनमा दैनिकजसो ८-९ वटा गैंडा, हरिणलगायतका वन्यजन्तु देखिने हुनाले पर्यटकको आगमन बढेको कुश्माखर काफ्ले बताउनुहुन्छ । काफ्लेका अनुसार मध्यवर्ती सामुदायिक वनबाट काठ, दाउरा, घाँस, खरखडाइका साथै सामुदायिक वन पर्यटकको आकर्षणको विन्दु हुँदै गएको छ । दैनिक जस्तो आन्तरिक तथा बाह्य पर्यटकहरूको आगमनबाट आम्दानी हुन थालेको छ । समय परिस्थितिअनुसार मध्यवर्ती क्षेत्रलाई परिचालन गर्दै लैजाने हो भने यो क्षेत्रको विकासमा राज्यले बजेट छुट्याउनुनपर्ने तर्क काफ्लेको छ ।

## उपभोक्ताहरूको गुनासो र यसभित्रका सवालहरू

मध्यवर्ती सामुदायिक वनभित्रका अप्ठ्याराहरू फुकाउन तथा यसलाई लोकतान्त्रिक बनाउनका लागि उपभोक्ताहरूले दैनिक भोगेका गुनासासहित केही सवाल उठाएका छन् । लामो समयदेखि वनको संरक्षण गर्दै आएका उपभोक्ताको घर भत्किएको छ तर सामुदायिक वनमा काठ काट्न पाइएको छैन । सामुदायिक वनको संरक्षण कहिलेसम्म गर्दा फाईदा लिन पाइन्छ ? उनीहरू प्रश्न गर्छन् । सामुदायिक वनको संरक्षणसँगै विधान र कार्ययोजना समूहको चाहनामा बनाउन र सोहीअनुसार आवश्यक वनपैदावार उपभोगको माग समुदायको रहेको छ । यसैगरी सामुदायिक वनको दिगो व्यवस्थापनका लागि समुदाय र निकुञ्जबीचमा समन्वय गरेर काम गर्नुपर्ने, निकुञ्ज तथा आरक्षमा समुदायको अधिकार हुनुपर्ने, मध्यवर्ती परिषद् निकुञ्ज प्रशासनबाट स्वतन्त्र हुनुपर्नेजस्ता माग पनि उपभोक्ताहरूको छ । कतिपय व्यवस्थापन समितिका सदस्यहरू नै समुदायको पक्षमा नभएको आरोप उपभोक्ताको छ । पर्सा जिल्लाकी एक महिला प्रश्न गर्छिन्– मध्यवर्ती क्षेत्रका नेता नै अलोकतान्त्रिक छन् अनि कसरी हुन्छ मध्यवर्ती सामुदायिक वन लोकतान्त्रिक ? मध्यवर्ती सामुदायिक वनमा पनि बाहिरको झैं अधिकार हुनुपर्छ- धेरै उपभोक्ताको भनाइ यस्तै छ । व्यवस्थापन समितिमा आएको रकम सामुदायिक वनमा आउँदैन र समूहमा आम्दानी हुने बाटो केही छैन । जसका कारण सामुदायिक वनको चौकीदार पाल्नसमेत गाह्रो परेको छ । सामुदायिक वनभित्र ढलेका, कुहिएका काठदाउरा प्रशस्त छन् तर निकाल्न पाइएको छैन । सुनसरीका देवीप्रसाद भन्नुहुन्छ– मध्यवर्ती क्षेत्रका सामुदायिक वनमा इन्द्रजालजस्तै अनेक तानाबाना बुनिएको छ जसले गर्दा समितिमा बसेर काम गर्नसम्म उपभोक्ताहरू तयार छैनन् । मध्यवर्ती क्षेत्रभित्र सामुदायिक भवन बनाउन वार्डेनले ठाउँ नदिएको गुनासो वन समिति सदस्यको छ । यसैगरी कतिपय समुदायलाई मध्यवर्ती क्षेत्रको सामुदायिक वन पाइन्छ भन्ने कुरा नै थाहा छैन । निकुञ्जले मध्यवर्तीका व्यवस्थापन समितिलाई भ्रममा भुलाएको छ तर यो कुरा समितिले बुझेका छैनन् भन्ने गुनासो उपभोक्ताहरूको छ । प्रायजसो सामुदायिक वनमा उपभोक्ताले चाहेको र माग गरेभन्दा वार्डेनले चाहेजतिमात्र

वन क्षेत्र र पैदावार पाइने गरेको छ । मध्यवर्ती सामुदायिक वन उपभोक्ताको साथी बन्न नसकेको कुरा मध्यवर्ती क्षेत्रका बासिन्दाको रहेको छ । कानुनी रूपमा देखिएका बाधाव्यवधानलाई उपभोक्तामैत्री बनाउँदै जाने हो भने व्यावहारिक रूपमा पनि सजिलो हुन सक्थ्यो कि ? यी सबै कुराहरूलाई मध्यनजर गर्दा मध्यवर्ती सामुदायिक वनमा निम्न सवालहरू उठ्ने गरेका छन् :

- वन्यजन्तुको बढ्दो चाप
- संरक्षणमूखी सामुदायिक वन
- उपभोक्ताहरूले अधिकारका लागि लड्ने आधार नभएको
- गरिब विपन्नहरू स्रोतबाट वन्चित
- हस्तान्तरण गराउन बढी झन्झटिलो
- समयमा प्राविधिक सहयोग नपाउनु (निकुञ्जकै रेन्जरको आवश्यकता भएको तर उनीहरू निकुञ्जको काममा व्यस्त हुँदा सामुदायिक वनको काममा समय दिन नसक्ने अवस्था)
- समितिमार्फत उपभोक्ताले सामुदायिक वन पाउने प्रावधान
- त्रिपक्षीय सम्झौता (सम्बन्धित निकुञ्ज/आरक्ष, समिति र समूहबीच) गरी हस्तान्तरण गर्नुपर्ने ।

## मध्यवर्ती सामुदायिक वनको सम्भावित कार्यदिशा

सामुदायिक वन भन्नासाथ वन, समुदाय र नीतिनियमको संगमस्थल बुझिन्छ । समुदाय जति लोकतान्त्रिक तथा सुशासित भएर वन संरक्षण र व्यवस्थापनका कार्यक्रमहरूमा अग्रसर भए पनि सामुदायिक वन लोकतान्त्रिक हुनका लागि राज्यले तय गरेको नीति, नियमको ठूलो भूमिका रहेको हुन्छ । यो कुराको प्रत्यक्ष प्रभाव मध्यवर्ती क्षेत्रका सामुदायिक वनहरूमा परेको देखिन्छ । समूहका सदस्यहरू कुनै पनि निर्णय गर्दा व्यवस्थापन समिति र निकुञ्जका वार्डेनको भर पर्नुपर्ने हुन्छ भने समूहभित्र लोकतान्त्रिक परिपाटीको अभ्यास कसरी हुन सक्छ र ? अहिले पनि निकुञ्जकै कर्मचारीले मध्यवर्ती क्षेत्रको काममा सहयोग पुऱ्याउनुपर्ने भएकोले पनि मध्यवर्ती क्षेत्रका सामुदायिक वनको व्यवस्थापनमा अप्ठ्यारो भएको छ । त्यसकारण मध्यवर्ती क्षेत्रमा छुट्टै कर्मचारीको व्यवस्था गर्नुपर्ने आवश्यकता देखिन्छ । यति हुँदाहुँदै पनि मध्यवर्ती क्षेत्रका कतिपय सामुदायिक वनहरू नमुनाको रूपमा देखिएका छन् । यसैगरी समुदायलाई संरक्षणमा मात्र हैन, फाइदा लिन समेत प्रोत्साहन गर्ने किसिमका नीतिनियम बनाउनुपर्ने, मध्यवर्ती क्षेत्र घोषणा गर्नुअघि समुदायको रायसल्लाह लिई टोलटोलमा छलफल चलाउन आवश्यक देखिन्छ । मध्यवर्ती क्षेत्रका अति प्रभावित समुदाय तथा गरिब विपन्नका लागि छुट्टै कोषको व्यवस्था गर्ने, स्थानीय आदिवासीहरूको परम्परागत पेसालाई प्रवर्द्धन र प्रोत्साहन गर्ने, स्रोतको न्यायोचित वितरण प्रणाली अपनाउने, स्थानीय समुदायको रायसल्लाह लिएर ठाउँ र परिवेशअनुसारको नियम बनाउने, प्राकृतिक स्रोतको संरक्षण र व्यवस्थापनका मालिकहरू नै स्थानीय आदिवासी, गरिब विपन्न भएको हुँदा निर्णायक तहमा उनीहरूको सक्रिय सहभागिता बढाउने, संरक्षित क्षेत्रबाट प्राप्त आम्दानीको कति प्रतिशत स्थानीय क्षेत्रमा लगाउने भन्नेबारेको निर्णय निकुञ्जबाट अति प्रभावित क्षेत्रका मानिसहरूले गर्न पाउने प्रावधानको विकास गराउने, वन्यजन्तुबाट हुने क्षतिको बारेमा दिइने राहतमा न्यायोचितता अपनाउने, मध्यवर्ती सामुदायिक वनहरूलाई जैविक विविधताको अनुसन्धान र पर्यटकहरूको आकर्षण क्षेत्रका रूपमा विकास गर्नेजस्ता प्रावधान ल्याएमा वास्तविक रूपमा मध्यवर्ती क्षेत्रका सामुदायिक वनमा लोकतन्त्र आएको अनुभूति हुने देखिन्छ ।

## सन्दर्भ सामाग्री


**DNPWC.** 2011. Annual Report. Department of National Park and Wildlife Conservation, Government of Nepal, Kathmandu.

**Word Bank** 2010. Valuing Protected Areas. Washington DC: The World Bank

**नेपाल सरकार** । २०२९ । राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन २०२९ । काठमाण्डौं: नेपाल सरकार ।

**नेपाल सरकार** । २०५२ । मध्यवर्ती क्षेत्र व्यवस्थापन नियमावली । २०५२ । काठमाण्डौं: नेपाल सरकार ।

**वन तथा भू-संरक्षण मन्त्रालय** । २०६६ । वन्यजन्तुबाट हुने क्षतिको राहत सहयोगसम्बन्धी निर्देशिका २०६६ । नेपाल सरकार, वन तथा भू-संरक्षण मन्त्रालय, सिंहदरबार, काठमाण्डौं ।


●●●

** भण्डारी फरेष्टएक्सन नेपालमा कार्यरत हुनुहुन्छ ।*

*** पाण्डे चेन्ज नेपाल नवलपरासीमा कार्यरत हुनुहुन्छ ।*